आज मिति २०७८ साल जेष्ठ १२ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यूको अध्यक्षता मा कार्यपालिकाको २४ औं बैठक बसी तपसिल बमोजिम उपस्थितिमा तपसिल बमोजिम छलफल गरी निर्णयहरू गरियो।

उपस्थिति :-

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उप प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३) वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४) वडा अध्यक्ष वडा नं २ श्री गणेश बहादुर कडेल (रुकी)
५) वडा अध्यक्ष वडा नं ३ श्री सूर्य कुमार श्रेष्ठ
६) वडा अध्यक्ष वडा नं ४ श्री लालवीर गुरुङ
७) वडा अध्यक्ष वडा नं ५ श्री ब्रम बहादुर गुरुङ
८) वडा अध्यक्ष वडा नं ६ श्री भोज बहादुर रिमाल
९) वडा अध्यक्ष वडा नं ७ श्री गोविन्द बहादुर बस्नेत
१०) वडा अध्यक्ष वडा नं ८ श्री पवित्रा थापा राना
११) वडा अध्यक्ष वडा नं ९ श्री शरद बराल
१२) वडा अध्यक्ष वडा नं १० श्री पूर्ण बहादुर थापा
१३) वडा अध्यक्ष वडा नं ११ श्री अच्युत बाबु वग्ले
१४) कार्यपालिका सदस्य श्री विष्णु माया राना
१५) " " " श्री मन्दिरा दर्जी
१६) " " " श्री देव बहादुर गहतराज
१७) " " " श्री अजय मगर्कोटी
१८) " " " श्री मनमाया गुरुङ
१९) " " " श्री दोम बहादुर खवास
२०) " " " श्री कवण नेपाली
२१) " " " श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी

सहभागी कर्मचारी

२३) कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४) अधिकृत श्री इश्वर कमल श्रेष्ठ

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७ जेठ १२ गतेको बैठकका निर्णयहरु

**निर्णय नं. १ :** बेशीसहर नगरपालिकाको पाचौ नगरसभाबाट निर्णय भए अनुसार स्वीकृत भएका देहायका शिर्षकको रकम चालु आर्थिक वर्षमा खर्च हुन सक्ने अवस्था नदेखिएको हुनाले खर्च हुन सक्ने शिर्षकमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

| वजेट शिर्षक | विवरण | बार्षिक स्वीकृत | घटाउन पर्ने | बढाउन पर्ने | संसोधित वजेट |
|---|---|---|---|---|---|
| पुर्वाधार विकास | नगर यातायात गुरुयोजना | १००००००।० | १००००००।० | ० | ० |
| पूर्वाधार विकास | नगरपालिकाको नाम डिस्प्ले बोर्ड | १५०००००।० | १५०००००।० | ० | ० |
| पुर्वाधार विकास | कार्यालय भवनको आन्तरिक व्यवस्थापन तथा निर्माण | २८०००००।० | ० | १५०००००।० | ४३०००००।० |
| कृषि तथा पशू विकास | खाद्यान्न बीज बृद्धि सहयोग कार्यक्रम | २०००००।० | ० | ६०००००।० | ८०००००।० |
| कृषि तथा पशू विकास | तरकारी पकेट स्थापना | ८०००००।० | ० | ४०००००।० | १२०००००।० |
| जम्मा | | ६३०००००।० | २५००००० | २५००००० | ६३०००००।० |

**निर्णय नं. २ :** देहायका योजना तथा कार्यक्रममा देहाय बमोजिम रकम विनियोजन गरी यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्वीकृत रकम | वजेट शिर्षक |
|---|---|---|---|
| १। | बरबोट मस्याङ्गदी बाटो निर्माण योजना, वडा नं. ११ | ४७१०००।० | पुर्वाधार विकास फुटकर योजना |
| २। | खहरेखोला फलामे पुल निर्माण | ९४९९२६।० | पुर्वाधार विकास फुटकर योजना |
| ३। | गैरी खोला फलामे पुल निर्माण | १०२२०२७।० | पुर्वाधार विकास फुटकर योजना |
| ४। | शेरा खानेपानी योजना | ३०००००।० | प्रस्तावमा आधारित खानेपानी कार्यक्रम |
| ५। | फाहरमैला डम्पिङ्ग साइट जाने बाटोको नाली निर्माण, | ४०००००।० | फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल साइट संरक्षण |
| ६। | भु.पु.सैनिक स्कुल जाने बाटो निर्माण | प्राविधिक लई बमोजिम | पुर्वाधार विकास फुटकर योजना |
| ७। | असिमुरे खेत सिंचाई योजना–११ | २०००००।० | प्रस्तावमा आधारित सिंचाई योजना |
| ८। | धुवाखोला आमडाँडा कुलो निर्माण–३ | २०००००।० | प्रस्तावमा आधारित सिंचाई योजना |
| ९। | भाचोक खोला भोटेफाट सिंचाई कुलो–१० | २०००००।० | प्रस्तावमा आधारित सिंचाई योजना |
| १०। | देउजनथोक पहिरो व्यवस्थापन–१० | १३५०००।० | पुर्वाधार विकास फुटकर योजना |

**निर्णय नं. ३ :** कृषकहरुको माग तथा आवश्यकतालाई मध्यनजर गरी धानको बीउ खरिद तथा थप टनेल घर निर्माणका लागि सिल्पोलिन खरिदमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७ जेठ १२ गतेको बैठकका निर्णयहरु

| सि.नं. | योजनाको नाम | स्वीकृत रकम | वजेट शिर्षक |
|---|---|---|---|
| १। | धानको वीउ खरिद तथा वितरण | ६००००0।0 | खाद्यान्न बीज बृद्धि सहयोग कार्यक्रम |
| २। | प्लाष्टिक घर निर्माणका लागि ६x१२ को १२० जि.एस.एम.को १०० थान सिल्पोलिक प्लाष्टिक खरिद | ४००००0।0 | तरकारी पकेट कार्यक्रम |

**निर्णय नं. ४ :** प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु. ३४ लाख ८० हजार बराबरको अख्तियारी प्राप्त भएको हुनाले प्रति वडा रु. ३ लाख सम्मका योजना पेश गर्न लगाई सम्झौता गर्ने र बाँकी रकमको निर्माण कार्यमा प्रयोग हुने सामग्री खरिद ग्याबियन जाली, बेल्चा, गैटी, घन आदि खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** वडा नं. २ र ९ को वडा कार्यालय भवन निर्माणका लागि बोलपत्र आब्हान भै ठेक्का सम्झौता भएको र सम्झौता बमोजिम काम गर्ने क्रममा लागत अनुमानमा छुटेका केही आइटममा काम गर्नुपरेको भनी प्राविधिक शाखाबाट मुल्याङ्कन भई भेरिएसनका लागि पेश भएको र पेश भए अनुसारको थप रकम योजनाको स्वीकृत लागत अनुमान भित्र रहेकोले प्राविधिक शाखाबाट पेश भएको अनुसारको भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्वीकृत लागत अनुमान | सम्झौता रकम | भेरिएसन रकम | भेरिएसन पछिको कुल रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं. २ को वडा कार्यालय भवन निर्माण | ४८७२४७०।८८ | ३३१३१०५।८५ | ४६१५०९।५० | ३७७४६१५।३५ |
| २ | वडा नं. ९ को वडा कार्यालय भवन निर्माण | ४८७२४७०।८८ | ३६२२६३७।२६ | ४८०६२५।८६ | ४१०३२६३।१२ |

**निर्णय नं. ६ :** बेशीसहर नगरपालिका भै बग्ने मस्याङ्गदी लगायत अन्य नदीबाट निस्कने ढुङ्गा, गिटी, बालुवा तथा अन्य ढुङ्गा खानीस्थलको स्थलगत अध्ययन गरी नदीको कुन कुन स्थानहरु सम्भावित उत्खनन स्थन हुन सक्छन र ती स्थलसंग जोडिएका समस्या के के छन् अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन दिन राजश्व शाखा, योजना शाखा र प्राविधिक शाखा प्रमुख सहितको अध्ययन टोलि गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** नगरपालिका र बातावरण सुधार तथा विकास अभियान संस्थाबीच सम्झौता भई नगरपालिकाको फोहरमैला व्यवस्थापन भैरहेकोमा हालको लकडाउनको अवधिमा पनि संस्थाले निरन्तर रुपमा फोहरमैला व्यवस्थापनको काम गरिरहेको तर व्यक्तिबाट उठाउने शुल्क उठाउन नपाएको कारण फोहरमैला व्यवस्थापनमा संलग्न कर्मचारीलाई तलव खुवाउन समस्या परेको, सवारी साधनको मर्मत सम्भारमा समस्या परेको तथा इन्धनको बील भुक्तानी लगायतमा समस्या परि सेवानै बन्द गर्नुपर्ने अवस्था आएकोले आर्थिक सहयोग पाउँ भनि निवेदन दिएको सन्दर्भमा फोहरमैला व्यवस्थापन जस्तो जटिल कार्य र सेवालाई रोक्दा अन्य प्रकारका महामारी समेत फैलन सक्ने भएकोले कोरोना रोकथाम तथा नियन्त्रण कार्यक्रमबाट रु. १४००००।० -एकलाख चालिस हजार) उक्त संस्थालाई सहयोग गर्ने

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७ जेठ १२ गतेको बैठकका निर्णयहरु

मिति २०७६ चैत्र ११ गतेको बैठकले निर्णय गरेकोमा लक डाउनको अवधि थप हुदै गएको, लकडाउनकै कारण संस्थाले बजारबासीसंग सेवा शुल्क उठाउन नपाइरहेका तथा फोहरमैला व्यवस्थापन जस्तो सम्बेदनशील विषयको सेवा लाई निरन्तरता दिन आवश्यक रहेकोले संस्थाले २०७७ बैशाख र जेठ महिनाको सेवा शुल्क नगरबासीबाट उठाउन नपाउने गरी फोहरमैला व्यवस्थापनका लागि संस्थालाई आवश्यक पर्ने कर्मचारी खर्च, इन्धन तथा मर्मत सम्भार खर्च बापत थप रु. ५ लाख फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल साइट संरक्षण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** नगरसभाबाट पारित देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|---|
| १ | बर्तु बाटो निर्माण बेनपा ५ | ३००००० | सिरुबारी चौतारा-लाइदीदेवी प्रावि-चितुवाखोर बाटो निर्माण बेनपा ५ | ३००००० |
| २ | लाकुरीडाँडादेखि गैरीगाउँ गोरेटोबाटो स्तरोन्नति तथा बाढी नियन्त्रण बेनपा ५ | ९१०००० | १.विक्रम मोटरबाटो स्तरोन्नति बेनपा ५<br>२.गैरीगाउँ बाढी नियन्त्रण बेनपा ५<br>३.सुनकोट सिंढी निर्माण बेनपा ५ | ४५००००<br>१५००००<br>३१०००० |
| ३ | मान्द्रेढुंगा छ घर सिद्धपोखरी मोटरबाटो निर्माण बेनपा ६ | ५००००० | भण्डारीगाउँ खत्रीगाउँ कुर्पिन मोटरबाटो स्तरोन्नति बेनपा ६ | ५००००० |
| ४ | आय आर्जन तथा शैक्षिक सचेतना कार्यक्रम बेनपा ६ | ४००००० | १.चनौटे खापा ट्यांकी ढलान एवं मुहान संरक्षण बेनपा ६<br>२. भण्डारीगाउँ खत्रीगाउँ कुर्पिन मोटरबाटो स्तरोन्नति बेनपा ६<br>३. शैक्षिक सचेतना कार्यक्रम बेनपा ६ | १२००००<br>१८००००<br>१००००० |
| ५ | बालमन्दिर व्यवस्थापन बेनपा ७ | ५००००० | मनाङेचौतारा पुमाखोला सिंढी निर्माण बेनपा ७ | ५००००० |
| ६ | विपद व्यवस्थापन/विविध कार्यालय सञ्चालन बेनपा ८ | २१०००० | कर्पुरेश्वर मन्दिर र खहरे पहिरो व्यवस्थापन बेनपा ८ | २००००० |
| ७ | बालबालिका, महिला, युवाक्लव, बृद्ध तथा अपांग–८ | ५००००० | १. आदर्श महिला द्वन्द्व पिडीत बालगृह सहयोग रु ५००००।-<br>२.सेतो गुराँस बाल विकास बेनपा ८ रु ५००००।<br>३. नवोदित बाल विकास बगैचा रु ५००००।-<br>४. महिला कार्यक्रम रु १०००००।-<br>५. बृद्ध कार्यक्रम रु ५००००।-<br>६. अपांग कार्यक्रम रु ५००००।-<br>७.कर्पुरेश्वर मन्दिर र खहरे पहिरो व्यवस्थापन बेनपा ८ रु १०००००।-<br>८.विनायक मार्ग नाली मर्मत बेनपा ८ रु १५०००।<br>९.दल बहादुर खवासको घरदेखि बगैचा गुफा जाने | |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७ जेठ १२ गतेको बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| | | | ठाडोबाटो मर्मत सिंढी निर्माण बेनपा ८ रु ३५०००। | |
| ८ | कृषि, स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, अपांग र असहाय गरिब कार्यक्रम बेनपा ९ | ५५०००० | वडा नं ९ को बृत्तचित्र/पार्श्वचित्र निर्माण बेनपा ९ | ५०००० |
| ९. | स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम बेनपा १० | २१६००० | १.स्वास्थ्य चौकी फर्निचर खरीद बेनपा १०<br>२. सुनौला हजार दिनभित्रका आमा र बच्चाहरुको लागि कार्यक्रम बेनपा १० | १४३६५०<br>७२३५० |
| १० | पाङ्ग्रेको झ्यालमुनि कुवा मर्मत बेनपा १ (२०७६।९।२८ नि. नं ८) | ३०००० | आकाशे ठूलो धिमिरे सिंढी निर्माण बेनपा १ | ३०००० |

**निर्णय नं. ९ :** बेशीसहर नगरपालिका वडा नं. ११ चित्रे भन्ने स्थानमा दोर्दीखोलाले बस्ती कटान गरी क्षति पुर्‍याएको रोकथामका लागि भुसंरक्षण कार्यालयसंगको ५०% लागत साझेदारी काम गर्ने गरी रु. १२१०००।० प्रकोप व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :** कोभिड १९ को रोकथाम र नियन्त्रणका सन्दर्भमा जिल्लाका दुइ ठाउँमा जिल्लास्तरीय क्वारेन्टाइन स्थापना भएको र सोको व्यवस्थापन जिल्लास्तरीय क्वारेन्टाइन व्यवस्थापन समितिले गर्ने हुनाले रकम उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुरोध भए अनुसार विपद् व्यवस्थापन कोषबाट रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :** नगरपालिकाको विविध गतिविधि समेटी रेडियो कार्यक्रम संचालन गर्ने भनी रेडियो चौतारिले पेश गरेको प्रस्ताव अनुसार मिति २०७७ जेठ १५ देखि २०७७ श्रावण १५ सम्म रेडियो कार्यक्रम संचालन गर्ने गरी संचार क्षेत्रको पूर्वाधार सुधार कार्यक्रमबाट रु. १६८०००।० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ :** बेशीसहर नगरपालिका वडा नं. ११ स्थित त्रिवेणी घाटको बालुवा उत्खननका लागि टेण्डर आव्हान भएकोमा घाटसम्म पुग्ने बाटो नभएको कारण देखाई ठेक्का सम्झौता गर्न नआएकोले उक्त ठेक्का रद्ध गर्ने निर्णय गरियो । साथै उक्त स्थानबाट के कति परिमाणमा बालुवा उत्खनन गर्न सकिन्छ प्राविधिकबाट मुल्याङ्कन गरी सोही मुल्याङ्कनको आधारमा उत्खनन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** आर्थिक बर्ष ०७७/०७८ को वजेट तर्जुमा गर्ने सम्बन्धमा देहायका निर्णय गरियो ।

- जिल्ला श्रोत अनुमान समितिको बैठकबाट निर्णय भए अनुसार आर्थिक बर्ष ०७७/०७८ का लागि कुल रु.७१,१८,०१,१८१।० को सीमा स्वीकृत गर्ने ।
- वडास्तरीय योजनाका लागि देहाय बमोजिम वजेट सीमा तोकि वडाको सन्तुलित विकास हुने गरी सबै विषयगत क्षेत्रलाई समेटी जेठ महिनाको मसान्त सम्म योजना पेश गर्न निर्देशन दिने ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७ जेठ १२ गतेको बैठकका निर्णयहरु

देहाय

| वडा नं. | वडाको वजेट सीमा रु |
|---|---|
| १ | ६२४०००० |
| २ | ६४०२००० |
| ३ | ६२२७००० |
| ४ | ६०८०००० |
| ५ | ६३६०००० |
| ६ | ६२८८००० |
| ७ | ६५२२००० |
| ८ | ६५११००० |
| ९ | ६०५०००० |
| १० | ७२३१००० |
| ११ | ७०९३००० |
| जम्मा | ७१००४००० |